# कागेश्वरी मनोहरा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

(शिक्षा, युवा तथा खेलकुद शाखा)
डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल

फोन नं.: ०१-४४५१८८६
०१-४४५०९८६
०१-४४५०३५६

प.सं. : २०८०/०८१
च.नं. : ११७९

मितिः २०८०।०६।१५

विषयः आशय पत्र पेश गर्ने सम्बन्धी सूचना।

यस नगरपालिका अन्तर्गत सञ्चालनमा रहेका सामुदायिक/संस्थागत/वैकल्पिक/धार्मिक आदि शैक्षिक संस्थाहरूको गत आर्थिक वर्ष २०७९।०८० सम्मको अन्तिम लेखापरीक्षणका लागि योग्यता पुगेका लेखापरीक्षकहरूले यो सूचना प्रकाशन भएको मितिले **७ दिनभित्र** तपसिल बमोजिमका कागजातहरूसहित यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा वा यस शाखाको ईमेल ठेगाना kageshworieducation@gmail.com मार्फत आशयपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। गत वर्ष आशयपत्र पेश गर्ने लेखापरीक्षकहरूको हकमा अद्यावधिक कागजातहरू समावेश गर्नुहुन समेत नगर शिक्षा समितिको मिति २०८०।०४।३२ को निर्णयानुसार जानकारी गराईन्छ। आशयपत्र पेश नगर्ने लेखापरीक्षकहरूलाई यस नगरपालिकाबाट लेखापरीक्षक नियुक्त नगरिने व्यहोरा समेत अनुरोध छ।

आशयपत्र साथ पेश गर्नुपर्ने कागजातहरू:

१. अनुरोध पत्र
२. पछिल्लो लेखापरीक्षक प्रमाणपत्र नवीकरण गरिएको कागजपत्र ।
३. पछिल्लो कर चुक्ता प्रमाणपत्र।
४. नेपाल चार्टर्ड एकाउण्टेण्ट संस्थाको लेखापरीक्षक प्रमाणपत्र नवीकरण।
५. लेखा व्यवसायी दर्ता प्रमाणपत्र।
६. नेपाल चार्टर्ड एकाउण्टेण्ट संस्था सदस्यता प्रमाणपत्र ।
७. प्यान नम्बर प्रमाणपत्र ।
८. लेखापरीक्षकको नागरिकताको प्रमाणपत्र ।

नोटः प्राप्त आशय पत्रहरूमध्ये छनोट भएका लेखापरीक्षकहरूलाई Email वा फोन वा अन्य कुनै पनि उपयुक्त माध्यमबाट जानकारी गराइनेछ।

........................
(टेकेन्द्र प्रसाद ढकाल)
शिक्षा अधिकृत (आठौं)